## ज्योति विकास बैंक लिमिटेडको
## चौधौं वार्षिक साधारणसभामा भएका कामकारवाहीको विवरण (माइन्युट)

ज्योति विकास बैंक लिमिटेडको मिति २०७८ साल मङ्सिर २९ गते बुधबार बसेको सञ्चालक समितिको ४०८ औं बैठकको निर्णय अनुसार मिति २०७८ साल पौष १ र ७ गते सार्वजनिक सूचना प्रकाशित गरी मिति २०७८ पौष २३ गते बोलाइएको चौधौं वार्षिक साधारणसभामा प्रस्ताव गरिएका विषयहरूमाथि छलफल तथा निर्णय गर्न भिडियो कन्फ्रेन्स (Virtual Zoom Meeting) समेत बाट शेयरधनीहरूले सहभागिता जनाउन सक्ने गरी कम्पनी ऐन, २०६३ तथा विकास बैंकको प्रबन्धपत्र र नियमावली बमोजिम बैंकका अध्यक्ष श्री हरि प्रसादको अध्यक्षतामा सम्पन्न चौधौं वार्षिक साधारणसभाका कामकारवाहीका विवरण एवं निर्णय पुस्तिका (माइन्युट) देहायबमोजिम रहेको छ ।

१. **सभाको मिति, स्थान र समय :**

मिति : २०७८ साल पुष २३ गते शुक्रबार (तदनुसार ७ जनवरी, २०२२)

समय : विहान ११:०० बजे ।

स्थान : लिसारा रिसेप्सन, भगवती बहाल-नक्साल, काठमाडौं ।

२. **उपस्थिति :**

**(क) सञ्चालकहरूको उपस्थिति :**

| | |
|---|---|
| १) श्री हरि प्रसाद | - अध्यक्ष |
| २) श्री हरिचन्द्र खड्का | - सञ्चालक |
| ३) श्री सन्तोष अधिकारी | - सञ्चालक |
| ४) श्री मन महर्जन | - सञ्चालक |
| ५) श्री ध्रुव कोइराला | - सञ्चालक |
| ६) श्री नरेश राज आचार्य | - सञ्चालक |
| ७) श्री सुरेन्द्र बहादुर नेपाली | - सञ्चालक |

**(ख) व्यवस्थापनका पदाधिकारीहरूको उपस्थिति :**

| | |
|---|---|
| १) श्री श्रीचन्द्र भट्ट | प्रमुख कार्यकारी अधिकृत |
| २) श्री पारस राज कंडेल | नायव प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव |
| ३) श्री सुशील कुमार शर्मा | नायव महाप्रवन्धक |
| ४) श्री रामहरि आचार्य | सहायक महाप्रवन्धक |
| ५) श्री बलदेव थापा | प्रमुख सञ्चालन अधिकृत |
| ६) श्री उमा श्रेष्ठ | प्रमुख वित्त अधिकृत |

**(ग) अन्य आमन्त्रित उपस्थिति :**

| | |
|---|---|
| १) श्री सौगात मगर | प्रतिनिधि, टि.आर.उपाध्याय एण्ड कम्पनी, लेखापरीक्षक |
| २) श्री सुनिता महर्जन | प्रतिनिधि, एन.आइ.विल.एस क्यापिटल |

**(घ) शेयरधनीहरूको उपस्थिति :**

१) उपस्थित शेयरधनीहरूको सङ्ख्या

| | | | |
|---|---|---|---|
| (क) | स्वंय उपस्थित | ४४३ | जना |
| (ख) | प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित | १,११२ | जना |
| (ग) | भिडियो कन्फ्रेन्समार्फत उपस्थित | १८६ | जना |

**छलफलका विषयहरू :**

**(क) सामान्य प्रस्ताव :**

(१) आर्थिक वर्ष २०७७/७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको ज्योति विकास बैंक लि. को २०७८ आषाढ मसान्तसम्मको वासलात तथा आर्थिक वर्ष २०७७/७८ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरू उपर छलफल गरी स्वीकृत गर्ने ।

(३) लेखापरीक्षण समितिको सिफारिसबमोजिम आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (हालको लेखा परीक्षक टि.आर.उपाध्याय एण्ड कम्पनी पुन: नियुक्तिका लागि योग्य रहेको छ ।)

(४) सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम कर प्रयोजनका लागि समेत गरी हाल कायम चुक्ता पूँजीको ४.५ प्रतिशत नगद लाभांश जम्मा रु. १७,३०,१७,०२५ (अक्षरेपि सत्र करोड तीस लाख सत्र हजार पच्चीस मात्र) वितरण गर्ने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

(१) सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम हाल कायम चुक्ता पूँजीको ११ प्रतिशतले हुन आउने जम्मा रु. ४२,२९,३०,५०६ (अक्षरेपि बयालीस करोड उनन्तीस लाख तीस हजार पाँच सय छ मात्र) रकम बराबरको बोनस शेयर स्वीकृत गर्ने र सोही हदसम्म जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने । बोनस शेयर जारी पश्चात कायम हुन आउने भिन्न अंक (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत राख्ने ।

(२) विकास बैंकको हाल कायम अधिकृत पूँजी रु. ५,००,००,००,०००/- (पाँच अर्ब रूपैयाँ मात्र) लाई वृद्धि गरी रु. ८,००,००,००,०००/- (आठ अर्ब रूपैयाँ मात्र) पुऱ्याउने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने ।

(३) यस विकास बैंकले अन्य कुनै बैंक तथा वित्तीय संस्थालाई गाभ्ने (Merger) वा प्राप्ति (Acquisition) गर्ने सन्दर्भमा समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, अन्य प्रक्रिया पूरा गरी सोमा हस्ताक्षर गर्ने, सम्पूर्ण चल अचल सम्पत्ति (Assets) र दायित्व (Liabilities) मूल्याङ्कन (Due Diligence Audit) गर्न मूल्याङ्कनकर्ता लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने लगायत गाभ्ने (Merger) वा प्राप्ति (Acquisition) सम्बन्धमा प्रचलित कानुनबमोजिम गर्नुपर्ने सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(४) उपरोक्त उल्लिखित विषयहरूका सम्बन्धमा विकास बैंकको प्रबन्धपत्र र नियमावली संशोधन प्रस्ताव पारित गर्ने र उक्त संशोधनमा नियमनकारी निकायबाट संशोधन, परिवर्तन वा थप/घट गर्न सुझाव वा निर्देशन प्राप्त भएमा सो अनुसार आवश्यक संशोधन, परिवर्तन वा थप/घटसहित आवश्यक प्रक्रिया अघि बढाउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**ग) विविध ।**

**सूचना प्रकाशन:**

मिति २०७८ साल मङ्सिर २९ गते बुधबार बसेको सञ्चालक समितिको ४०८ औ बैठकको निर्णय तथा कम्पनी ऐनमा भएको व्यवस्थाबमोजिम यस ज्योति विकास बैंक लिमिटेडको चौधौं वार्षिक साधारणसभा मिति २०७८ साल पौष २३ गते शुक्रबार (तदनुसार ७, जनवरी, २०२२) लिसारा रिसेप्सन, भगवती वहाल नक्सालमा विहान

११.०० बजेबाट सञ्चालन गर्ने सूचना मिति २०७८ पौष १ गते र मिति २०७८ पौष ७ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरी, यस विकास बैंकको वेभसाईट www.jbbl.com.np मा समेत राखि शेयरधनी महानुभावहरूलाई सार्वजनिक रूपले सूचित गरिएको साथै यस साधारणसभासँग सम्बन्धित वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरूलाई उपलब्ध हुने व्यवस्था मिलाइएको थियो ।

३. **गणपूरक सङ्ख्या :**

| कुल शेयरधनीको सङ्ख्या | जम्मा उपस्थित सङ्ख्या (स्वयं, प्रतिनिधिद्वारा) | जम्मा शेयरको प्रतिनिधित्व (संख्यामा) | बाँडफाड भएको शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| १,३०,५७२ (क-ख समुह) | जम्मा १७४१ जना (स्वंय उपस्थित ४४३ जना, प्रतिनिधिपत्र द्वारा १,११२ जना र भर्चुअल माध्यम मार्फत १८६ जना ) | २,०२,६२,२१६.०६ | ५२.७ % |
| जम्मा शेयर सङ्ख्या | ३,८४,४८,२२७.८१ | | |

४. **सभाको वैधानिकता तथा अध्यक्षताः**

कम्पनी सचिवले उपस्थित शेयरधनी महानुभावहरूलाई विकास बैंकको तर्फबाट स्वागत गर्दै कम्पनी ऐन, २०६३ को दफा ७३ तथा विकास बैंकको नियमावलीको नियम, २३ बमोजिम शेयरधनीहरूको उपस्थिति र गणपुरक सङ्ख्या पर्याप्त रहेको व्यहोरा जानकारी गराई साधारणसभा सञ्चालनको लागि आवश्यक वैधानिकता पुरा भएकाले सभाको अध्यक्षता ग्रहण गर्न सञ्चालक समितिका अध्यक्ष श्री हरि प्रसादलाई अनुरोध गर्नुभयो र अध्यक्षले सभाको अध्यक्षता ग्रहण गर्नुभयो ।

कम्पनी सचिवले विकास बैंकको वर्तमान सञ्चालक समितिका सदस्यहरू तथा प्रमुख कार्यकारी अधिकृत लगायतका पदाधिकारीहरू तथा नियमन निकायका प्रतिनिधिहरूलाई आसन ग्रहण गराउनुभयो ।

५. **प्रमुख कार्यकारी अधिकृत श्रीचन्द्र भट्टबाट स्वागत मन्तव्य :**

प्रमुख कार्यकारी अधिकृत श्रीचन्द्र भट्टले बैंकको चौधौं वार्षिक साधारणसभामा भौतिकरूपमा तथा भर्चुअल माध्यमबाट सहभागी हुनुभएका सम्पूर्ण शेयरधनी महानुभावहरू तथा आमन्त्रित अथिति महानुभावहरूलाई बैंकको तर्फबाट हार्दिक स्वागत अभिवादन गर्नुभयो । बैंकको वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको प्रमुख कार्यकारीको मन्तव्य व्यक्त गर्नुभयो ।

६. **सभा सञ्चालन तथा प्रतिवेदन प्रस्तुति :**

कम्पनी सचिवले सभाको शुरुवात गर्न सभाका सभाध्यक्षलाई अनुरोध गर्नुभयो । सभाध्यक्षले सर्वप्रथम सम्पूर्ण शेयरधनी महानुभावहरूलाई ज्योति विकास बैंक लि.को चौधौं वार्षिक साधारणसभामा हार्दिक स्वागत गर्दै सञ्चालक समितिको तर्फबाट साधारणसभा समक्ष आफ्नो मन्तव्य तथा सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

तत्पश्चात सभासमक्ष सञ्चालक समितिको प्रतिवेदनमाथि छलफलमा भाग लिन तथा यस विकास बैंकको कारोबारसम्बन्धी विविध पक्षहरूमा आफ्नो विचार मन्तव्य तथा जिज्ञासाहरू व्यक्त गर्न शेयरधनी महानुभावहरूलाई अनुरोध गरियो ।

७. **छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरू :**

छलफलका क्रममा निम्न शेयरधनी महानुभावहरूले आ-आफ्नो राय, जिज्ञासा र सुझावहरू व्यक्त गर्नुभयो ।

**श्री शत्रुघन श्रेष्ठ**

- ज्योति विकास बैंकले १४ बर्ष पूरा गरेकोमा अध्यक्षज्यूलाई शुभकामना दिन चाहन्छु ।
- ज्योति विकास बैंक बलियो, दरिलो र विश्वसनीय भएकोले शेयरधनीहरूको प्रिय बैंक हुन सफल भएको छ ।
- पूँजीका हिसाबले राष्ट्रिय स्तरका ८ वटा विकास बैंकमध्ये दोश्रो बैंकमा पर्न गएको र वित्तीय ज्योति फैलाउन सक्नुभएकोमा धन्यवाद दिन चाहन्छु ।
- यस्तो कोभिडको महामारीको समयमा पनि १५.५ प्रतिशत बोनस दिन सफल हुनुभएकोमा अध्यक्षज्यूलाई धन्यवाद दिन चाहन्छु ।
- बैंकको सबै वित्तीय परिसूचक एकदमै सबल स्थितिमा रहेको पाएको छु ।
- बैंकको व्यवस्थापन पदाधिकारीहरूमा बैंकिङ्ग क्षेत्रको बृहत् अनुभव रहेको छ र अवका दिनमा १ नं को बैंक बनाउनुहोला भन्ने शुभकामना व्यक्त गर्दछु ।
- निक्षेप तथा कर्जा बढाई बैंकको व्यवसाय वृद्धि गर्न सफल हुनुभएकोमा अध्यक्षज्यूलाई धन्यवाद दिन चाहन्छु ।
- बैंकका कर्मचारीहरूको मेहनतले बैंक यस अवस्थामा पुगेको हुँदा कर्मचारी सेवासुविधा बढाउँदै जानुहोला ।
- बैंकले business model मा नयाँ-नयाँ प्रयोग गर्दै प्रगतिपथमा लम्किन उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।
- बैंकको वार्षिक साधारणसभाको सफलताको शुभकामना तथा बैंकको प्रगतिको कामना गर्दछु ।

**श्री श्रीकृष्ण प्र. अधिकारी**

- अहिलेको विषम अवस्थामा समेत १५.५ प्रतिशत लाभांश दिनुभएकोमा सञ्चालक समितिलाई धन्यवाद दिन चाहन्छु ।
- सञ्चालक समिति सदस्यहरू सक्रिय भएर लाग्नुभएको देखियो र अब झन मिहेनत गर्न जरुरी छ ।
- वार्षिक प्रतिवेदनको खाली पानाहरूमा बैंकका सेवाहरूको जानकारी राख्दा उपयुक्त हुन्छ ।
- वार्षिक प्रतिवेदनमा पदाधिकारी एवं कर्मचारीको धेरै फोटो नराख्नुहोस् ।

**श्री ईन्द्र कृष्ण श्रेष्ठ**

- बोनस तथा नगद लाभांश दिनुभएकोमा धन्यवाद दिन चाहन्छु । बोनस शेयर छिट्टै लिस्टिङ्ग गराउने व्यवस्था गर्नुहोस् ।
- वार्षिक प्रतिवेदनमा रंगिन फोटो धेरै राखिएको रहेछ । जसले गर्दा प्रतिवेदन बढी खर्चालु भयो ।
- वित्तीय विवरण अङग्रेजिमा प्रकाशन गर्नुभएको रहेछ यसलाई पनि नेपाली भाषामा राख्ने प्रयास गर्नुहोस् ।
- कर्मचारीहरू एकदमै लगनशील भई कार्य गर्नुभएको देखेको छु, धेरै धेरै धन्यवाद छ ।

**श्री डमरु बल्लभ घिमिरे**

- केही ढिला भएपनि समयमै साधारणसभा गर्नुभएकोमा धन्यवाद छ, अर्को वार्षिक साधारणसभा अझै छिटो गर्न प्रयास गर्नुहोस् ।
- ज्योति विकास बैंक विगतको दिनको तुलनामा धेरै track मा आएको छ ।
- वार्षिक प्रतिवेदन विश्लेषण गर्दा धेरै राम्रो पाएको छु । Best presented awards जित्न सक्षम रहेको जस्तो पाएको छु । Disclosures को पक्षमा धेरै सविस्तार उल्लेख गरिएको रहेछ ।
- पुँजी वृद्धि गर्न पहल गर्नुभएको राम्रो लाग्यो ।
- प्रतिवेदनमा अघिल्लो साधारणसभाका केहि झलकहरू पनि राख्दा उपयुक्त हुन्छ ।

**श्री शिव प्रसाद पौडेल**

- बोनस तथा नगद लाभांश दिनुभएकोमा धन्यवाद दिन चाहन्छु । बोनस शेयर छिट्टै लिस्टिङ्ग गराउने व्यवस्था गर्नुहोस् ।
- अब अर्को साधारणसभा असोज महिनामै सम्पन्न गर्नेतर्फ कार्य गर्नुहोस् ।
- तरलता अभावको व्यवस्थापनमा कस्तो योजना बनाउनुभएको छ ?
- बैंकको प्रतिवेदन अङ्ग्रेजीभन्दा नेपालीमा प्रकाशित गर्नुहोला ।
- बैंकको साधारणसभा सफल होस् शुभकामना व्यक्त गर्दछु ।

**श्री ब्रह्मदेब शाक्य**

- राम्रो दरको लाभांश वितरण गर्नुभयो ।
- शाश्वत समृद्धि ल्याउने उद्देश्य धेरै राम्रो लाग्यो ।
- शेयरधनीहरूको आवाजले नेपाल राष्ट्र बैंकका नीतिगत व्यवस्था सुधार गर्न मद्दत पुग्छ भने सो को जानकारी गराउनुहुनेछ भन्ने आशा छ ।
- प्रमुख कार्यकारीको मन्तव्यमा 'बैंक राष्ट्रको मेरुदण्ड हो' भनेको कुरा राम्रो लाग्यो ।
- आम नागरिकलाई अझ बढी बैंकिङ्ग साक्षरता दिन सके राम्रो हुन्छ । अझै धेरै बैंकिङ्ग पहुँच बाहिरका जनतालाई सेवा दिन यस बैंक सफल होस् ।
- सामान्य र विशेष प्रस्तावहरूमा मेरो पूर्ण रूपमा सर्मथन रहेको जानकारी गराउँछु ।
- सञ्चालक समिति, व्यवस्थापन तथा कर्मचारीहरूलाई धन्यवाद ।

**श्री मदन बहादुर केसी**

- ज्योति विकास बैंकले छोटो समयमै उल्लेख्य प्रगति हासिल गरेको छ ।

**श्री अमृत रेग्मी**

- साधारणसभाका बक्ताहरूलाई वार्षिक प्रतिवेदन अध्ययन गरेर आउन अनुरोध गर्दछु ।
- प्रत्यक्ष सभामा उपस्थित वक्ता र virtual रूपमा उपस्थित वक्तालाई क्रमैसँग बोल्न दिने व्यवस्था गर्न अनुरोध गर्दछु ।
- शेयरधनीको कोष राम्रो अवस्थामा छ । General reserve मा सुधार गर्नुपर्ने देखिन्छ ।
- डिबेञ्चर जारी गरेको राम्रो भयो तर मुनासिव capital structure को सन्तुलन मिलाउन जरुरी छ ।
- खुद ब्याज आम्दानी ४५-५० प्रतिशत पुऱ्याउन जरुरी हुन्छ ।

- Staff overhead ratio ५० प्रतिशत भन्दा कम भएकोले राम्रो छ ।
- सञ्चालक समितिको बैठक भत्ता बढाउने भए बढाऔं तर धेरै सङ्ख्यामा सञ्चालक समितिको बैठक नबसौं ।

**<u>श्री अच्युत राज शर्मा</u>**

- Email तथा SMS बाट साधारणसभाको जानकारी एवं प्रतिवेदन पाएँ । धन्यवाद ।
- प्रतिवेदन राम्रो बनेको छ । बैंकको branding को झल्को पाएँ ।
- अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतको मन्तव्यमा गहन विषय रहेको पाएँ । प्रतिबद्धता गरिएका कुराहरू कार्यान्वयन गर्नुहोस् ।
- बैंकको प्रमुख वित्तीय सूचाङ्कमा राम्रो प्रगति भएको देखिन्छ ।
- चार्टहरू उत्तम ढंगबाट प्रस्तुत गरिएका रहेछन् ।
- बैंकको मूल उद्देश्य दूर दृष्टि राम्रो सँग प्रस्तुत गरिएको रहेछ ।
- मूल्य सृजनाको बारेमा प्रस्तुत कुरा सटिक लाग्यो ।
- विविध disclosures हरू राम्रोसँग प्रस्तुत गरेको रहेछ ।
- जोखिम व्यवस्थापनसम्बन्धी समिक्षामा उल्लेखित विषयहरू बृहत् जानकारीमूलक रहेको पाएँ । बैंकको समग्र जोखिम व्यवस्थापनका व्यवस्थाको अति सूक्ष्म विश्लेषण गरेकोले बैंक सुरक्षित रहेको महसुस गरें ।
- एउटा प्रश्न पनि छ । वार्षिक ३० प्रतिशत भन्दा बढीको व्यावसाय वृद्धि दिगो रहन सक्छ ?
- विविध कानुनी दायित्व समयमै निसर्ग गरियोस् ।

**<u>श्री देव शर्मा</u>**

- शुभकामना शुभेच्छा ।
- बैंकले एकदम राम्रो प्रगति गरेको छ ।
- NII, base rate, general reserve मा सुधार गर्न अनुरोध गर्छु ।
- सामाजिक उत्तरदायित्व अन्तर्गतका क्रियाकलापमा राम्रो कार्य गरेको पाएँ ।
- हालको व्यावसायिक वृद्धिदर दिगो रहला त ?

**<u>श्री चन्द्र नारायण</u>**

- बैंकले एकदम राम्रो प्रगति गरेको छ ।
- सम्पत्तिको आकार, नाफा, लाभांश सबैमा राम्रो प्रगति गरेको छ ।
- डिवेञ्चर जारी भए पश्चात वितरणयोग्य नाफा घटाउन सक्ने भएकोले आय बढाउने आयाम खोज्न जरुरी छ ।
- अपरिष्कृत वित्तीय विवरणमा भन्दा धेरै रकम impairment अर्न्तगत छुट्टाउन परेको रहेछ ।

**<u>श्री सूर्य बहादुर खड्का</u>**

- बधाई एवं शुभकामना ।
- सञ्चालक र कर्मचारीहरूले धेरै मिहेनत गरेको पाएँ र सो विषयमा हामीले प्रोत्साहन गर्नुपर्छ ।
- शेयरधनी साथिहरूले प्रतिवेदनको विश्लेषण गरी ज्ञान बटुल्न जरुरी छ ।

- शेयरधनीको जिम्मेवारी भनेको बैंकमा संस्थागत सुशासन कायम छ वा छैन भन्ने विचार गर्ने हो ।

शेयरधनी महानुभावहरूले प्रस्तुत गर्नु भएको राय, जिज्ञासा, मन्तव्य तथा सुझावहरू एवं सभाध्यक्ष स्वयम् र सभाध्यक्षको अनुमतिले प्रमुख कार्यकारी अधिकृतको जवाफ :

**अध्यक्ष श्री हरि प्रसाद**

- भौतिक तथा भर्चुअल माध्यमबाट गहन विचारहरू व्यक्त गर्नुभएको छ। सञ्चालक समितिले ग्रहण गर्नुपर्ने र उत्तर दिनुपर्ने विषयमा म सञ्चालक समितिको तर्फबाट केहि कुराहरू राख्छु ।
- बैंकका गतिविधिहरूलाई कसरी cost efficient बनाउन सक्छौं, हाम्रा उत्पादन तथा सेवा सबै नागरिकहरूलाई कसरी सरल र सुलभ तरिकाले प्रदान गर्न सक्छौं भन्ने कुरामा सञ्चालक समिति सधैं नै विचारशील र सजग छ ।
- दिगो उन्नतिका लागि हाम्रो बाटो तथा गन्तव्य स्पष्ट छ र सोहीबमोजिम हाम्रो गति बढाउन सेवा तथा साधनहरू विकास गर्दैछौं ।
- प्रतिवेदनलाई थप जानकारीमूलक तथा मितव्ययी बनाउन प्रयास गर्नेछौं ।
- सबै जानकारी भएको, पढ्न पनि सहज हुने प्रकृतिको वार्षिक प्रतिवेदन पुस्तक पाउने सबै शेयरधनीहरूको अधिकार हो भन्ने लागेकोले पनि थोरै बढी हुने खर्च लाग्नेमा त्यति सम्झौता गरिएन ।
- सभा हुने स्थान सबैलाई पाएक पर्ने ठाँउमा राख्न गर्नुभएको प्रस्तावलाई पनि ध्यान दिनेछौं ।
- धेरै सन्तुलित र ग्रहण गर्न योग्य विषयहरू उठेका छन् र जहाँसम्म सम्भब हुन्छ हामी कार्यान्वयन गर्नेछौं ।
- भाषाको विषयमा कुरा उठेको छ, हामीले सकभर प्रतिवेदन नेपाली भाषामा बनाउन कोसिस गरेका छौं । तर भर्खरै आएको लेखा प्रणालीको परिवर्तनका कारण नेपाली भाषामा प्रस्तुत गर्दा धेरै विषय अस्पष्ट हुने भएकाले लेखापरीक्षण प्रतिवेदन पनि सम्भव भएसम्म मात्र नेपालीमा उल्लेख गरेका छौं । आगामी दिनदेखि सम्भव भएसम्म नेपाली र अङ्ग्रेजी भाषा दुबैमा प्रस्तुत गर्ने प्रयास गर्नेछौं ।
- असोजभित्र साधारणसभा गर्ने लक्ष्यका साथ अघि बढ्ने छौं ।
- सुझावको लागि धन्यवाद दिन चाहन्छौं ।

**प्रमुख कार्यकारी अधिकृत**

- जतिपनि कुराहरू उठेका छन् हामीले document गरेका छौं । आगामी दिनमा सम्भव भएसम्म सुधार गर्नेछौं ।
- वार्षिक प्रतिवेदनमा गरिएका उद्घोषहरू (disclosures) एकदम गहिरो विश्लेषणसहित पारदर्शी रूपमा पेस गरिएको छ ।
- तरलता व्यवस्थापन साँचै समस्यामा छ। वार्षिक रूपमा तय गरिएका बजेट लक्ष्य हासिल गर्न पनि कठिन देखेको छु । CD ratio भने maintain गरेका छौं ।
- वार्षिक वृद्धिदर sustainable र consistent बनाउने विषयमा धेरै विचार विमर्श गर्दै कार्ययोजना बनाएका छौं ।
- कर्मचारी खर्च धेरै बढेको होइन, लेखा प्रणालीमा गरिएको अलग प्रस्तुतीकरणका कारण थोरै inflate भएको हो ।
- आगामी दिनहरूमा आयमा अझै राम्रो गर्न सकेमा सोही हिसाबले बैंकको reserve लाई पनि सुदृढ गर्नेतर्फ पहल गर्न सकिन्छ ।
- यहाँहरूको सल्लाह सुझावप्रति आभार व्यक्त गर्दै ज्योति विकास बैंक लि.का सेवा सुविधाहरू अझै परिष्कृत गर्दै लाने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु ।

८. **प्रस्तावमाथि छलफल तथा निर्णयहरू :**

**क) समान्य प्रस्ताव :**

(१) आर्थिक वर्ष २०७७/७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

निर्णय : **सभाका अध्यक्षले सञ्चालक समितिको तर्फबाट साधारणसभा समक्ष प्रस्तुत गर्नु भएको प्रतिवेदन माथि छलफल गरी सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो ।**

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको ज्योति विकास बैंक लि. को २०७८ आषाढ मसान्तसम्मको वासलात तथा आर्थिक वर्ष २०७७/७८ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरूमाथि छलफल गरी स्वीकृत गर्ने ।

निर्णय : **लेखापरीक्षकको प्रतिवेदन सहितको ज्योति विकास बैंक लि. को आ.व. २०७७/७८ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरूमाथि छलफल गरी स्वीकृत गर्ने सर्वसम्मत निर्णय भयो ।**

(३) लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

निर्णय : **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७८/७९ को लेखा परीक्षण गर्न लेखापरीक्षक टि.आर.उपाध्याय एण्ड कम्पनीलाई नियुक्त गर्ने र निजको पारिश्रमीक मु.अ.कर सहित रु.८,५८,८००।- (अक्षरूपी आठ लाख अनठाउन्न हजार आठ सय मात्र) निर्धारण गर्ने सर्वसम्मत निर्णय गरियो ।**

(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कर प्रयोजनका लागि समेत गरी हाल कायम चुक्ता पूँजीको ४.५ प्रतिशत नगद लाभांश जम्मा रु. १७,३०,१७,०२५ (अक्षरेपि सत्र करोड तीस लाख सत्र हजार पच्चीस मात्र) वितरण गर्ने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने ।

निर्णय : **विकास बैंकको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कर प्रयोजनका लागि समेत गरी हाल कायम चुक्ता पूँजीको ४.५ प्रतिशत नगद लाभांश जम्मा रु. १७,३०,१७,०२५ (अक्षरेपि सत्र करोड तीस लाख सत्र हजार पच्चीस मात्र) वितरण गर्ने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।**

**ख) विशेष प्रस्ताव :**

(१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजीको ११ प्रतिशतले हुन आउने जम्मा रु. ४२,२९,३०,५०६ (अक्षरेपि बयालीस करोड उनन्तीस लाख तीस हजार पाँच सय छ मात्र) रकम बराबरको बोनस शेयर स्वीकृत गर्ने र सोही हदसम्म जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने । बोनस शेयर जारी पश्चात कायम हुन आउने भिन्न अङ्क (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत राख्ने ।

निर्णय: **सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको ११ प्रतिशतले हुन आउने जम्मा रु. ४२,२९,३०,५०६ (अक्षरेपि बयालीस करोड उनन्तीस लाख तीस हजार पाँच सय छ मात्र) रकम बराबरको बोनस शेयर स्वीकृत गर्ने र सोही हदसम्म जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने, साथै बोनस शेयर जारी पश्चात कायम हुन आउने भिन्न अंक (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत राख्ने गरी सोही हदसम्म संलग्न तपसिल बमोजिमको तीन महले बमोजिम जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने सम्बन्धी प्रस्ताव सर्वसम्मतिले पारित भयो ।**

**प्रवन्धपत्र संशोधन**

| दफा | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|
| ६(ख) | विकास बैंकको जारी पूँजी रु.३,८४,४८,२२,७८१.५० ( अक्षरेपी तीन अर्ब चौरासी करोड अड्चालीस लाख बाइस हजार सात सय एकासी रूपैया पैसा पचास मात्र ) हुनेछ। सो पूँजीलाई प्रति शेयर रु.१००।- दरका ३,८४,४८,२२७.८१५० (तीन करोड चौरासी लाख अड्चालिस हजार दुई सय सत्ताइस दशमलव आठ एक पाँच शून्य ) थान साधारण शेयरमा विभाजन गरिएको छ। | विकास बैंकको जारी पूँजी रु.४,२६,७७,५३,२८७.४६५० (अक्षरेपी ४ अर्ब छब्बीस करोड सतहत्तर लाख त्रिपन्न हजार दुई सय सतासी दशमलव चार छ पाँच शून्य मात्र) हुनेछ। सो पूँजीलाई प्रति शेयर रु.१००।- दरका ४,२६,७७,५३२.८७४६ (चार करोड छब्बीस लाख सतहत्तर हजार पाँच सय बत्तीस दशमलव आठ सात चार छ) थान साधारण शेयरमा विभाजन गरिएको छ। | आ.व. २०७७/७८ को बोनस शेयर जारी गरे पश्चात वृद्धि हुने पूँजी अनुसार पूँजी संरचना कायम गर्न। |
| ६(ग) | विकास बैंकको चुक्ता पूँजी रु.३,८४,४८,२२,७८१.५० (अक्षरेपी तीन अर्ब चौरासी करोड अड्चालीस लाख बाइस हजार सात सय एकासी रूपैया पैसा पचास मात्र) हुनेछ। | विकास बैंकको चुक्ता पूँजी रु.४,२६,७७,५३,२८७.४६५० (अक्षरेपी ४ अर्ब छब्बीस करोड सतहत्तर लाख त्रिपन्न हजार दुई सय सतासी दशमलव चार छ पाँच शून्य मात्र) हुनेछ। | |

(२) विकास बैंकको हाल कायम अधिकृत पूँजी रु. ५,००,००,००,०००/- (पाँच अर्ब रूपैयाँ मात्र) लाई वृद्धि गरी रु. ८,००,००,००,०००/- (आठ अर्ब रूपैयाँ मात्र) पुऱ्याउने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने।

**निर्णय: सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम विकास बैंकको हाल कायम अधिकृत पूँजी रु. ५,००,००,००,०००/- (पाँच अर्ब रूपैयाँ मात्र) लाई बैंकको व्यावसायिक आकार वृद्धिदर र भावी विस्तारको योजनालाई ध्यायनमा राख्दै वृद्धि गरी रु. ८,००,००,००,०००/- (आठ अर्ब रूपैयाँ मात्र) पुऱ्याउने सम्बन्धी प्रस्ताव सर्वसम्मतिले पारित भयो।**

**प्रवन्धपत्र संसोधन**

| दफा | बिद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|
| ६(क) | विकास बैंकको अधिकृत पूँजी रु. ५,००,००,००,०००/- (पाँच अर्ब रूपैयाँ मात्र) हुनेछ। सो पूँजीलाई प्रतिशेयर रु. १००/- दरका ५,००,००,००० (पाँच करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ। | विकास बैंकको अधिकृत पूँजी रु. ८,००,००,००,०००/- (आठ अर्ब रूपैयाँ मात्र) हुनेछ। सो पूँजीलाई प्रतिशेयर रु. १००/- दरका ८,००,००,००० (आठ करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ। | व्यवसाय वृद्धि र सो को लागि आवश्यक दीर्घकालिन पूँजीकोष को व्यवस्था गर्नुपर्ने भएकोले। |

(३) यस विकास बैंकले अन्य कुनै बैंक तथा वित्तीय संस्थाहरूलाई गाभ्ने (Merger) वा प्राप्ति ( Acquisition) गर्ने सन्दर्भमा समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने,

अन्य प्रक्रिया पूरा गरी सोमा हस्ताक्षर गर्ने, सम्पूर्ण चल अचल सम्पत्ति (Assets) र दायित्व (Liabilities) मूल्याङ्कन (Due Diligence Audit) गर्न मूल्याङ्कनकर्ता लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने लगायत गाभ्ने (Merger) वा प्राप्ति (Acquisition) सम्बन्धमा प्रचलित कानुन बमोजिम गर्नुपर्ने सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

<u>निर्णय</u> **यस विकास बैंकले अन्य कुनै बैंक तथा वित्तीय संस्थाहरूलाई गाभ्ने (Merger) वा प्राप्ति ( Acquisition) गर्ने सन्दर्भमा समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, अन्य प्रक्रिया पुरा गरी सोमा हस्ताक्षर गर्ने, सम्पूर्ण चल अचल सम्पत्ति (Assets) र दायित्व (Liabilities) मूल्याङ्कन (Due Diligence Audit) गर्न मूल्याङ्कनकर्ता लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने लगायत गाभ्ने (Merger) वा प्राप्ति (Acquisition) सम्बन्धमा प्रचलित ऐन कानुन बमोजिम गर्नुपर्ने सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।**

(४) उपरोक्त उल्लिखित विषयहरूका सम्बन्धमा विकास बैंकको प्रबन्धपत्र र नियमावली संशोधन प्रस्ताव पारित गर्ने र उक्त संशोधनमा नियमनकारी निकायबाट संशोधन, परिवर्तन वा थप/घट गर्न सुझाव वा निर्देशन प्राप्त भएमा सो अनुसार आवश्यक संशोधन, परिवर्तन वा थप/घट सहित आवश्यक प्रक्रिया अघि बढाउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

<u>निर्णय :</u> **उपरोक्त उल्लिखित विषयहरूका सम्बन्धमा विकास बैंकको प्रबन्धपत्र र नियमावली संशोधन प्रस्ताव पारित गर्ने र उक्त संशोधनमा नियमनकारी निकायबाट संशोधन, परिवर्तन वा थप/घट गर्न सुझाव वा निर्देशन प्राप्त भएमा सो अनुसार आवश्यक संशोधन, परिवर्तन वा थप/घट सहित आवश्यक प्रक्रिया अघि बढाउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो ।**

**ग) <u>विविध ।</u>**

यी देखि बाहेक विविध विषयमा कुनै छलफल भएन ।

९ **<u>धन्यवाद ज्ञापन तथा सभा बिसर्जन:-</u>**

छलफलका विषय तथा प्रस्तावहरू पारित तथा अनुमोदन भएको घोषणा गर्दै अध्यक्षले सभामा उपस्थित शेयरधनी महानुभावहरू, सम्बन्धित निकायका प्रतिनिधिहरू, पत्रकारहरू, बैंकका कर्मचारी, पदाधिकारीहरू एवं यो साधारणसभा सफल गराउन आफ्नो अमूल्य समय दिई सहयोग गर्नुहुने सबैलाई धन्यवाद दिँदै चौधौं वार्षिक साधारणसभा समापन भएको घोषणा गर्नुभयो ।

मिति: २०७८/०९/२३

पारस राज कंडेल
कम्पनी सचिव

हरि प्रसाद
अध्यक्ष- सञ्चालक समिति